# आर्थिक बर्ष २०८२/८३ को

# बजेट बक्तव्य

## महाराजगंज नगरपालिका

कपिलवस्तु

२०८२

# महाराजगंज नगरपालिकाको सत्रौ नगरसभाको बैठकमा २०८२ साल असार १० गते नगर प्रमुख श्री अब्दुल कलामद्धारा प्रस्तुत

# आर्थिक बर्ष २०८२/८३ को बजेट बक्तव्य

**महाराजगंज नगरपालिका**

नगरपालिकाको कार्यालय

कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

**श्रदेय नगरसभाका उपाध्यक्ष तथा सभा सदस्यज्यूहरु**

१. यस गरिमामय सभामा नगरपालिकाको नगर प्रमुखको हैसियतले महाराजगंज नगरपालिकाको नगरसभाका तर्फबाट आथिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा आफूलाई गौरवान्वित महशुस गरेको छु । यस नगरपालिकाको सत्रौ नगरसभाको यस महत्वपूर्ण समारोहमा यहाँहरु सवैमा हार्दिक स्वागत गर्न चाहन्छु । राष्टियता र स्वाधिनताको रक्षा गर्दै न्यायपुर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकतावद्ध रहेका महान नगरवासी नागरिक र राजनीतिक नेतृत्व प्रति पनि उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था स्थापनाको लागि बिभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलन र राजनीतिक क्रान्ति एवं संघर्षलाई स्मरण गर्न चाहन्छु ।जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्ने शहीदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्रदाञ्जली ब्यक्त गर्दछु । यस नगरपालिकामा प्रथम ऐतिहासिक कार्य सम्पादन गरी महत्वपुर्ण योगदान गर्नु हुने पुर्व नगर उप प्रमुख श्री शुभावती कुर्मी, पुर्व महिला सदस्य मन्जु कुर्मी, पुर्व वडा सदस्य कल्लु अहिर, वडा सदस्य बिरबल अहिर, वडा सदस्य पटेश्वरी प्रसाद चौधरी र जिल्ला समन्वय समितिका सदस्य तेज वहादुर रायमाझी स्वर्गारोहण हुनु भएकोमा उहाँहरुको स्मरण गर्दै चिरशान्तीको कामना सहित हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

३. नेपाल सरकारले लिएको **"समृद्ध नेपाल सुखी नेपाली"** को परिकल्पना पुरा गर्नु संघीय सरकार, प्रदेश सरकारको साथै स्थानीय सरकारको दायित्व हो । यस परिकल्पना पुरा गर्नका लागि नगरपालिकाको समग्र परिवार हरपल लागिरहेको जानकारी यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।नेपालको बर्तमान संविधानमा भएको व्यवस्था बमोजिम प्रत्येक नगरपालिका एक अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ भन्ने उल्लेख गरे अनुसार नै यस नगरपालिकाले पनि आफ्ना समग्र गतिविधि एवं काम कारवाहीहरु सञ्चालन र व्यवस्थित गरिरहेको छ । कपिलवस्तु जिल्लामा रहेका १० स्थानीय तहहरुमध्ये यस नगरपालिकाले आफ्ना विकासका गतिविधि संचालन गरी जनतालाई स्थानीय सरकारको आभास दिलाउनु आफैमा जटिल विषय रहेको छ तापनि नगरपालिकाका समग्र जनप्रतिनिधि र कर्मचारीको अथक प्रयासले चुनावी सभाहरुमा हामीबाट गरिएका प्रतिवद्धता पुरा गर्ने कार्यमा कुनै कसर वाकी नराख्ने कुरा समेत पुनः स्मरण गराउदछु ।

**नगरसभाका उपाध्यक्ष एवं सभा सदस्यज्यूहरु**

४. यस नगरपालिकामा विशेष गरी हिन्दु, मुस्लिम र केही मात्रामा अन्य धर्माबलम्वीहरुको बसोबास रहेको र अधिकांश नागरिकहरु कृषि र पशुपालनलाई मुख्य पेशाको रुपमा विगत देखि नै अगाल्दै आएका छन् । यस नगरपालिका मुलुकका मुख्य व्यापारिक नाका, प्रमुख शहरहरु र प्रदेश राजधानीवाट नजिक रहेकोले नगरपालिकाको आर्थिक सामाजिक विकासमा सकारात्मक प्रभाव परेको छ । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य

उपजहरु तिनै बजार क्षेत्रमा वढी खपत र विक्री हुने सम्भावना रहेको छ । कपिलबस्तु जिल्लाको कान्छो नगरपालिका भएकोले यसलाई एक सक्षम नगरपालिकाको रुपमा स्थापना गर्ने चुनौती हामीहरुको काँधमा आई परेको छ । यहाँ भएका सम्भावनाहरुलाई अवसरको रुपमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा योजनावद्ध तरिकावाट लाग्नु पर्ने आजको आवश्यकता रहेको छ ।

५. **<u>समृद्ध नगर सुखी नगरवासी</u>** भन्ने नारालाई सार्थक बनाउन आगामी आर्थिक बर्ष २०८२/८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, संघीय, प्रादेशिक र स्थानीय कानुनहरु, दिगो विकासको लक्ष्यहरुका अतिरिक्त आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढीमा २ वर्ष भित्र सम्पन्न हुने), राजश्व परिचालनमा योगदान पुऱ्याउने, सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने, स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने, लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने, समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने, स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने, विभिन्न क्षेत्रका ब्यक्ति तथा संघ संस्थाहरुसंग भएको छलफल तथा अन्तरक्रिया र हामीहरुले जनताहरुसंग गरेको प्रतिबद्धताहरुलाई प्राथमिकता दिई योजना तर्जुमा गर्ने प्रयास गरेको छु । नगरपालिकामा बिभिन्न टोल वस्तीस्तरबाट माग

भएको योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाउन केन्द्रित भएको छु ।

६. महाराजगंज नगरपालिकाले यस क्षेत्रको समग्र विकासका पहलहरु गर्दै लैजान हरेक वर्ष वार्षिक रुपमा योजना तथा कार्यक्रमहरु ठोस रुपमा तयार गरी अगाडि बढीरहेको छ । जसका लागि सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी, स्थानीय आम नागरिक सबैको सहभागितामा प्रस्तुत बजेट नीति तथा कार्यक्रम कार्यान्वयनमा पुर्ण सफल हुने आशाका साथ चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

७. दोश्रो स्थानीय तहको निर्वाचन पश्चातको ५ बर्षमध्ये ३ बर्षको अवधिमा सहि नीति, सक्षम नेतृत्व, दृढ आत्म विश्वास र समर्पणका साथ अगाडि बढेकै कारण नगरपालिकाले महत्वपुर्ण उपलब्धी हासिल गरेको छ । यसै बर्ष नगरपालिकाले १५ सैया नगर अस्पताल, मुजहना मुजहनी अल्गी सडक कालोपत्रे, शान्तिनगर देखि गंगौढा पुलसम्म सडक कालो पत्रे, हुलाकी देखी ईट्रोल हुदै दुदुरासम्म सडक कालो पत्रे, हुलाकीको गनवरिया सडकदेखि शान्तिनगर हुदै भारतको सिमानासम्म सडक स्तरोन्नति, औरहवा देखि तकदीरपुरसम्म सडक कालोपत्रे योजनाहरु यसै आर्थिक बर्षमा सम्पन्न भएको छ ।साथै महाराजगंज गैडहवा देखि करैलिया सडकमा ठेक्का भई काम संचालनमा रहेकोछ । त्यसै गरी नगरपालिकाले शिक्षा पुर्वाधारमा पनि उल्लेखनीय सुधार गरेको छ ।श्री झिन्ना मा.वि बनगाई, राष्ट्रिय मा.वि गैडहवा, भद्र मा.वि पडरिया, पियुषराज आधारभुत बिद्यालय बर्गदीमा १२ कोठे भवनको

निर्माण कार्य सम्पन्न भएको छ  साथै फलाहारीबाबा बहुमुखी क्याम्पसको १२ कोठे भवन निर्माणका साथै शिवप्रताप मा.वि., देवप्रताव मा.वि., रामजानकी आधारभूत विद्यालयमा ४ कोठे भवनका साथै दुर्गा भवानी कन्या मा.वि.को भवन सम्पन्न हुने क्रममा रहेको छ ।स्वास्थ्यतर्फ बलरमवापुर स्वास्थ्य चौकीको भवन, बरईपुर स्वास्थ्य चौकीको बाउन्ड्रीवाल, उदयपुर स्वास्थ्य चौकी वाउन्ड्रीवालको कार्य सम्पन्न भएको छ ।

## ८. नगरपालिकाको समग्र विश्लेशण

### ८.१ सवल पक्ष

१. नगरपालिकाको मुख्य राजमार्गको रुपमा रहेका हुलाकी राजमार्गको दाया बाया पर्ने शाखा सडकहरुलाई स्तरोन्नति गरी बाहैं महिना संचालन हुने अवस्था सृजना भएको छ । आम नागरिकहरुलाई आफ्नो घर जग्गासम्म पुग्ने गरि वाह्रै महिना सडक संचालन हुने गरी मुख्य सडक निर्माणमा जोड दिने र नया ट्रयाक खोल्ने कार्य गरिएको छ ।

२. कृषकहरुलाई आधुनिक व्यवसायसंग परिचित गराई व्यवसायिकीकरण ढंगवाट कृषि खेती गर्नका लागि नगरपालिकाका कृषकहरुलाई आधुनिक कृषि उपकरण, बोरिङ, कृषि अनुदान, मल विउ विजन वितरण गरी नगरपालिकामा कृषि योग्य वातावरणको आधार तयार गरिएकोछ ।

३. **“एक स्थानीय तह एक अस्पताल”** को अवधारणालाई साकार पार्न वडा नं. १ मा १५ शैयाको नगर अस्पताल निर्माण गरिएको छ । साथै शिध्र रुपमा

विशेषज्ञ चिकित्सकहरुलाई नियुक्ति गरि सेवा संचालन हुने अपेक्षा लिएको छु र ५ वडामा चौविसै घण्टा प्रसुति सेवा पनि सञ्चालनमा ल्याईएको छ ।

४. नगरपालिका भित्रका विपन्न नागरिकको जीउ धनको सुरक्षाका लागि सुरक्षित आवास निर्माण कार्यक्रम कार्यान्वयन गरी छुप्पर मुक्त नगरपालिका घोषणा गर्ने तर्फ केन्द्रित रही कार्यक्रम अगाढी वढाईएको छ ।

५. जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्वन्ध विच्छेद जस्ता सामान्य घटना दर्ताका कार्य अनलाईन प्रणालीवाट सेवा दिईएको छ ।

६. शैक्षिक गुणस्तर वृद्धि गर्न नगर स्वयंसेवक शिक्षक नगरपालिकावाट उपलब्ध गराई विद्यार्थी र शिक्षकको अनुपात मिलाउने प्रयास गरिएको छ ।

## ८.२ कमजोर पक्ष

नगरपालिकामा निर्वाचित भए पश्चात तत्काल नगरबासीमा परिवर्तनको आभास दिने गरी काम गर्ने चाहाना हुदा हुदै पनि विविध पक्षहरुका कारण सो हुन सकेन जुन कारणहरु निम्न रुपमा उल्लेख गरेको छु ।

१. स्थानीय सरकार गठन भई कार्य संचालनमा आईसकेको भएतापनि आम नागरिकमा पुरानै सोच कायम रहेको र विकास निर्माणमा फराकिलो सोच कायम गर्न नसकिएको अवस्था विद्यमानछ ।

२. आफूले तिर्नुपर्ने कर, दस्तुर तथा राजश्व समयमा नै बुझाउनु पर्छ भन्ने भावना तथा बानीको विकास नभएको जसले गर्दा विकास कार्यमा आन्तरिक आय न्युन रुपमा परिचालन भई केन्द्रको मुख ताक्नुपर्ने अवस्था छ ।

३. नगरपालिका भित्र रहेका महत्वपुर्ण स्थानहरुलाई व्यवस्थित रुपवाट वजारीकरण गर्न सकिएको छैन ।
४. नगर कार्यपालिकाको कार्यालयमा पर्याप्त विषयगत जनशक्ति नहुदा सेवा प्रवाहमा समस्या देखिएको अवस्था छ ।
५. यस नगरपालिकाका नागरिकहरुलाई नगरपालिकाभित्र संचालन हुने विकास निर्माण कार्यमा जनश्रमदान जुटाउने गरि परिचालन गर्न सकिएको छैन ।

## ८.३ अवसर

**नगरसभाका उपाध्यक्ष एवं सभा सदस्यज्यूहरु**

माथि उल्लेखित समस्याहरुका वावजुद हामीलाई केही सुनौला अवसरहरुले पनि पच्छ्याईरहेका छन, जुन म यहाँ उल्लेख गर्दछु ।

१. यस नगर कार्यपालिको कार्यालयमा न्यून मात्रामा स्थायी दरवन्दी अनुसारका कर्मचारी रहेको र अधिक मात्रामा कर्मचारीको रिक्तता रहदा रहदै पनि करार र ज्यालादारीमा लिईएका कर्मचारीवाट समेत सरल सहज रुपमा आम नागरिकलाई सेवा प्रवाह गर्न सकिने आधार सृजना भएको छ ।
२. नदीजन्य पदार्थ लगायतका प्राकृतिक श्रोतहरुको परिचालनमा संभावना रहेको कारण सोको व्यवस्थित तवरले उपभोग गर्न सकिने वातावरण तयार भएको छ ।
३. उत्पादित सामग्रीहरुको बजारका लागि अधिकाँश सडक पक्की भएका कारण छोटो दुरीमा देशकै ठुला शहर भैरहवा र बुटबल रहेको र सडक पुर्वाधार बाह्रै

महिना संचालन हुने अवस्था सृजना भएकोले उत्पादित उपजहरुको सहज विक्रि वितरण गर्न सकिने आधार सृजना भएकोछ,

४. यस नगरपालिकामा विविध जात जातिहरुको वाहुल्यता रहेकोले यस क्षेत्रलाइ सांस्कृतिक धरोहरको रुपमा विकास गर्न सकिने अवस्था समेत सृजना भएको छ ।

५. नगरपालिका भित्रका अधिकाँश भुमी कृषि उर्भर रहेकोले धान गहुँ जस्ता उत्पादनलाई वृद्धि गर्न सके कृषि खेतीका माध्यमवाट व्यवसायिक कृषि खेती गरी आमनागरिकको आर्थिक जीवनस्तर सुधार हुने अवस्था सृजना भएकोछ ।

## ८.४ चूनौती

**नगरसभाका उपाध्यक्ष एवं सभा सदस्यज्यूहरु**

हरेक अवसरका साथमा चुनौती पनि अवश्य आउछन नै, हामीमा पनि केही चुनौती छन जसलाई यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. कर कम तिर्ने र कर नै नतिर्ने मानसिकता र बढी आन्तरिक श्रोत परिचालन गर्नुपर्ने वाध्यतालाइ संयोजन गर्नु आफैमा चुनौतीपुर्ण रहेको छ ।

२. उपभोक्ता समितिमा पदाधिकारीको रुपमा वस्न चाहने तर जनश्रमदान गर्नमा भने कसैको चाहना नहुदा चाहाना मुताविक विकास निर्माण कार्यमा स्थानीय जनश्रम परिचालनमा जटिलता सृजना भएको छ ।

३. सडक निर्माण गर्दा सडक नालाको उचित व्यवस्थापन नहुँदा संचालित विकास निर्माण कार्यमा पुनः लगानी गर्नुपर्ने अवस्था सृजना भएकोले दिगो विकासका लागि समस्या सृजना भएको अनुभुति भएको छ ।

## ९. आगामी आ.व. २०८२/८३ को नीति, बजेट तथा कार्यक्रम

९.१ सोच

**"<u>समृद्ध नगर सुखी नगरवासी</u>"** भन्ने नारालाई यर्थाथतामा ल्याई समृद्द महाराजगंज निर्माण गर्ने ।

९.२ **लक्ष्य**

पर्यटन र गुणस्तरीय शिक्षाको विकास, कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास र स्वरोजगारमूलक कार्यक्रमलाई संगसंगै लैजाने र नगरपालिकाका सबै वडालाई सडक सञ्जालमा जोड्दै कृषि क्षेत्रमा व्यवसायिकरण, बजारिकरण तथा यान्त्रिकीरणलाई प्रोत्साहित गर्दै दीगो आर्थिक वृद्धि हासिल गरी जीवनस्तरमा सुधार ल्याउनु ।

**९.३ उदेश्य**

यस बजेटका उद्धेश्यहरु निम्नानुसार लिईएको छ ।

१. भौतिक पूर्वाधार र आधुनिक कृषिको विकास गरी गरिवी न्यूनकरणमा जोड दिने,

२. आर्थिक श्रोत अभिवृद्धि गर्दै आत्मनिर्भरता वढाउनेतर्फ विशेष पहल गर्ने,

३. शिक्षा क्षेत्रमा गुणात्मक सुधार गरी स्वरोजगारको माध्यमवाट दक्ष जनशक्तिको निर्माण गर्ने,

४. जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, शारीरिक अपाङ्गता भएका ब्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी र दीगो विकासको अवधारणा आत्मसात गर्ने,

५. प्राविधिक शिक्षा प्रणाली लागु गरी दक्ष जनशक्तिको उत्पादन गर्ने,

**नगरसभाका उपाध्यक्ष तथा सभासदस्यज्यूहरु**

१०. अव म आगामी आर्थिक बर्ष २०८२/८३ का लागि विनियोजन गरेको वजेट प्रस्तुत गर्न चाहान्छु।

महाराजगंज नगरपालिकाको आगामी वर्षका लागि आयतर्फ संघीय सरकारवाट वित्तिय समानीकरणतर्फ रु १४ करोड ६० लाख, राजश्व वाडफाडवाट रु १२ करोड ९३ लाख, सशर्त अनुदान ४४ करोड २० लाख, विषेश अनुदान ६३ लाख, समपुरक अनुदान ८७ लाख, प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरणतर्फ रु १ करोड ६३ हजार, सशर्त अनुदानतर्फ रु १ करोड ६५ लाख, सवारी साधन कर वापत रु १ करोड १८ लाख, विषेश अनुदान १८ लाख र समपुरक अनुदान १ करोड २० लाख साथै सामाजिक सुरक्षा भत्तातर्फ र आन्तरिक आय र अल्या गरी कुल रकम रु **१ अर्व १९ करोड १ लाख ८९ हजार** यस नगरपालिकाको संचित कोषमा प्राप्त हुने अनुमान गरेको छु ।

११. विनियोजनतर्फ चालुमा रु ७८ करोड ४० लाख ३७ हजार र पुँजीगतमा रु ४० करोड ६१ लाख ५२ हजार रकम विनियोजन गरेको छु । चालुतर्फ विनियोजित रकममा सेवा प्रवाह, तलव भत्ता लगायतका कार्यका चालु प्रकृतिका कार्यका लागि रु १२ करोड ६६ लाख, सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु २८ करोड, नगर स्वयंसेवक शिक्षक व्यवस्थापनका लागि रु २ करोड १५ लाख, विषयगत शाखावाट संचालित हुने कार्यका लागि २ करोड ३७ लाख, वडातर्फ प्रति वडा चालु खर्च रु ६ लाख र पुँजीगत तर्फ ६४ लाख गरी जम्मा

७० लाखका दरले ११ वडामा ७ करोड ७० लाख, र गत विगत बर्षको दायित्व भुक्तानीका लागि रु २ करोड ३० लाख विनियोजन गरेको जानकारी गराउँदछु ।

**नगरसभा उपाध्यक्ष एवं सभासदस्यज्यूहरु**

**अन्त्यमा,**

१२. यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर उपप्रमुखज्यू, विभिन्न विषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी सर्वपक्षीय भेला, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सवै कर्मचारी मित्रहरु प्रति सुझावका लागि आभारी छु ।आमागी आर्थिक बर्षको यो बजेट कार्यान्वयमा सवै पक्षको सहयोग रहने अपेक्षा गरेको छु साथै नगरपालिका भित्र रहनु भएका वा बाहिर रहनु भएका सवै स्थानीय आमा बुवा, दाजु भाई, दिदि वहिनी, सवै पेशा वर्ग र क्षेत्रमा आवद्ध आम जनसमुदायमा समृद्ध महाराजगंज निर्माणको यस महान अभियानमा साथ दिनुहुनेछ भन्ने अपेक्षा राख्दछु ।

**धन्यवाद**

## महाराजगंज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### महाराजगंज, कपिलवस्तु

---


फोन नं. :०७६-४०००३५, ४०००५०, ४०००५१

**Email :info@maharajgunjmun.gov.np**

**napamaharajgunj2073@gmail.com**

**Website :maharajgunjmun.gov.np**